**मिति २०७४/०६/०२ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू**

**१. प्रस्ताव न. १** मा छलफल गर्दा ढोरचौर गाउँपालिकाको गाउँसभा सदस्य श्री कालि बहादुर बुढाथोकी मृगौला सम्बन्धि समस्या भई सुमेरु अस्पताल ललिपुरमा उपचाररत रहेकोले निजको गाउँकार्यपालिकाको तर्फबाट शिघ्र स्वास्थ्य लाभको कामना गर्दै निजलाई औषधी उपचार खर्च वापत रु. २५०००। (अक्षरेपी पच्चिस हजार रुपैया) प्रदान गर्ने सर्वसम्मत रुपमा निर्याय गरियो ।

**२. प्रस्ताव न. २** मा छलफल गर्दा ढोरचौर गाउँपालिका अन्तर्गतको क्षेत्रमा दैवि प्रकोप सम्बन्धि घटना घटी भौतिक क्षति भएमा वडा समितिको क्षतिको मुल्यांकन सिफारिसको आधारमा (जिन्सी तथा नगद क्षतिको अनुमानित मुल्य रु.५००००। (अक्षरेपी पचास हजार रुपैया) सम्म भएमा रु. २०००। (अक्षरेपी दुई हजार सम्म) रु. ५००००। (पचास हजार) भन्दा माथी रु.१०००००। (एक लाख रुपैया) सम्म क्षति भएमा रु. ३०००। (अक्षरेपी तीन हजार रुपैया) र १०००००। (एक लाख) भन्दा माथी क्षति भएमा बढीमा रु. ५०००। (पाँच हजार) सम्म र मानवीय क्षति भएमा प्रति मृतक व्यक्तिको परिवारलाई रु.१००००। (दश हजार रुपैया) दिने सर्वसम्मत रुपमा निर्णय गरियो ।

**३. प्रस्ताव न. ३** मा छलफल गर्दा ढोरचौर गाउँपालिका अन्तर्गत वडा न. ३ मा रहेको सर्वव्यापी युवा क्लवलाई तिज विषेश सांस्कृतिक कार्यक्रम तथा महोत्सवको लागि रु. ३५०००। (अक्षरेपी पैतिस हजार रुपैया) र ढोरचौर गाउँपालिका अन्तर्गत वडा न. २ मा रहेको त्रिवेणी युवा क्लवलाई गाँउपालिका स्तरीय भलिवल प्रतियोगिताको लागि रु. १५०००। (अक्षरेपी पन्ध्र हजार रुपैया) दिने सर्वसम्मत रुपमा निर्णय गरियो ।

**४. प्रस्ताव न. ४** मा छलफल गर्दा ढोरचौर गाउँपालिका अन्तर्गतका कुनै संघसंस्था तथा क्लबहरुबाट खेलकुद र सांस्कृतिक कार्यक्रम तथा महोत्सवको लागि कार्यक्रम खर्च माग भई आएमा सबैलाई समान रुपमा रु. १५०००। (अक्षरेपी पन्ध्र हजार रुपैया) प्रदान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

**५. प्रस्ताव न. ५** मा छलफल गर्दा मिति २०७४।५।३ देखि २०७४।५।५ सम्म सन्चालन हुन गइरहेको शा.न.पा.मेयर कप खुल्ला भलिवल प्रतियोगितामा यस गाउँपालिकाको तर्फ गाउँपालिका स्तरीय भलिवल टिमलाई पुजीगत तर्फको युवा तथा खेलकुद कार्यक्रमबाट सहभागी खर्च वापत रु. ३००००। (अक्षरेपी तिस हजार रपैया) उपलब्ध गराउने सर्वसम्मत रुपमा निर्णय गरियो ।